महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
**महिला तथा बालबालिका विभाग**
(लैङ्गिक हिंसा निवारण शाखा)

५५२३८२७
फ्याक्स : ५५२१२१४
E-Mail : dwd1@wlink.com.np
**पुल्चोक, ललितपुर ।**

पत्र संख्या :- ०७३।७४
चलानी नं.:- १४४३

मिति २०७४/२/७

**विषय:-सङ्कटासन्न अवस्थाका महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको तत्काल संरक्षणका लागि गैरसरकारी सेवा-प्रदायक संस्थासँग सम्बन्धनका मानदण्डहरू, २०७४ कार्यान्वयन सम्वन्धमा ।**

श्री महिला तथा बालवालिका कार्यालयहरु
धनकुटा, सिरहा, धनुषा, दैलेख, बझाङ, डडेल्धुरा, उदयपुर, सिन्धुली, ओखलढुंगा, बारा, म्याग्दी, कपिलवस्तु, सल्यान, खोटाङ, धादिङ, रसुवा, पाल्पा, रामेछाप, गोरखा, स्याङ्जा, लमजुङ, पर्वत, गुल्मी, रुकुम, रोल्पा, दोलखा, अर्घाखाँची, भक्तपुर, भोजपुर, नुवाकोट, अछाम, बैतडि र बाजुरा ।

प्रस्तुत विषयमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको मिति २०७४।२।२ को मा. मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत **सङ्कटासन्न अवस्थाका महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको तत्काल संरक्षणका लागि गैरसरकारी सेवा-प्रदायक संस्थासँग सम्बन्धनका मानदण्डहरू, २०७४** यसैसाथ संलग्न छ । आ. व २०७३।७४ का लागि स्वीकृत लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरुको एकीकृत विकास कार्यक्रम अन्तर्गत पर्ने संकटासन्न अवस्थाका महिला तथा बालबालिकाको तत्काल संरक्षणको व्यवस्था मिलाउने गैर सरकारी सेवा प्रदायक संस्थालाई तत्काल संरक्षण सेवा प्रवाह गर्न कार्यक्रम अनुदान र राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन कार्यविधि २०७३ को दफा ५.६ अन्तर्गत उल्लेखित कार्यक्रम यसै मानदण्डबमोजिम कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउन हुन निर्देशानुसार अनुरोध छ ।

.................
शान्ता भट्टराई
निर्देशक

# सङ्कटासन्न अवस्थाका महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको तत्काल संरक्षणका लागि गैरसरकारी सेवा-प्रदायक संस्थासँग सम्बन्धनका मानदण्डहरू, २०७४

*(मिति २०७४।२।२ को मा. मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत)*

नेपाल सरकार
**महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय**
सिंहदरबार, काठमाडौँ

## १. परिचय

पारिवारिक विखण्डन, विछोड, बेवास्ताका कारण वा अन्यथा अलपत्र परेका, जोखिमावस्थामा रहेका वा उद्धार गरिएका बालबालिका, महिला, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको तत्काल संरक्षणका लागि महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयबाट ४ स्थानमा बालगृह, १७ जिल्लामा सेवा केन्द्र, ८ स्थानमा पुनर्स्थापना केन्द्र र राष्ट्रिय स्तरमा १-१ वटा वृद्धाश्रम र दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन गरिएका छन् । सामाजिक संस्थाहरूले खडा गरेर चलाइरहेका विशेष प्रकृतिका केही बालमन्दीर, महिला पुनर्स्थापना गृह, अपाङ्गता भएका व्यक्तिका लागि नवजीवन केन्द्र, ज्येष्ठ नागरिक आश्रमहरूलाई वित्तीय सहयोग दिएर पनि आवश्यकीय संरक्षण सेवाहरूको विस्तार गर्ने प्रयास भइरहेको छ । त्यसै सिलसिलामा सामाजिक अग्रसरतामा स्थापना गरी लक्षित वर्गलाई उत्कृष्ट स्तरमा यथाशक्य सेवा पुऱ्याइरहेका संस्थाहरूसँग सम्बन्धन कायम गरेर संरक्षण सेवामा सबैको पहुँच सुनिश्चित गर्ने अभिप्रायले मन्त्रालयले यी मानदण्डहरू बनाएको हो ।

## २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेका यी मानदण्डहरूमा, –

क. 'कार्यालय' भन्नाले महिला तथा बालबालिका कार्यालय सम्झनुपर्दछ;

ख. 'विभाग' भन्नाले महिला तथा बालबालिका विभाग सम्झनुपर्दछ;

ग. 'मन्त्रालय' भन्नाले महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय सम्झनुपर्दछ;

घ. 'सेवा-प्रदायक' भन्नाले दफा ७.३ बमोजिम छनौट गरी संरक्षण सेवा प्रदान गर्ने जिम्मा पाएको गैर-सरकारी संस्था सम्झनु पर्दछ;

ङ. 'लक्षित वर्ग' भन्नाले घरेलु हिंसा, लैङ्गिक हिंसा, मानव बेचबिखन वा अन्य विभिन्न कारणले संरक्षण विहीन अवस्थामा अलपत्र रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक वा अपाङ्गता भएका व्यक्तिहरूसमेत सम्झनुपर्दछ;

च. 'न्यूनतम मानदण्ड' भन्नाले नेपाल सरकारबाट स्वीकृत मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरुको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड २०६८ लाई सम्झनुपर्दछ;

छ. 'सम्बन्धन' भन्नाले कार्यालय र सेवा-प्रदायकबीच लक्षित वर्गलाई तत्काल आवश्यक संरक्षण सेवा पुऱ्याउन भएको समझदारी सम्झनुपर्दछ र सो शब्दले विशेषीकृत सेवा-प्रदायक र मन्त्रालयबीच भएको सहकार्यसमेतलाई जनाउनेछ र

ज. ‘संरक्षण व्यक्ति दिन’ भन्नाले संरक्षण सेवाग्राहीले संरक्षण केन्द्रमा विताएको एक रातको अवधि सम्झनुपर्दछ ।

## ३. उद्देश्य

यी मानदण्डहरूका उद्देश्य देहायबमोजिम रहेका छन् :

क. लक्षित बालबालिका, महिला, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिमाझ संरक्षण सेवा सुलभ गराउने;

ख. संरक्षण सेवामा नागरिक तहका अग्रसरताहरूलाई प्रोत्साहन दिने र

ग. सेवा-प्रदायकहरूमा प्रतिस्पर्धात्मक भावनालाई बढवा दिएर संरक्षण सेवाको स्तरोन्नतिमा सघाउने ।

## ४. सेवा विस्तार योजना

तालिका १ मा दिइएको योजनाबमोजिम लक्षित समूहसम्म संरक्षण सेवा पुऱ्याउने दृष्टिकोण राखिएको छ।

तालिका १ : संरक्षण सेवाको फैलाउ

| लक्षित वर्ग | सि.नं. | सेवा | वर्तमान व्यवस्था | अपेक्षित विस्तार | प्रस्तावित थप | विस्तारको विधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| • महिला | १.१ | घरेलु हिंसाबाट प्रभावितका लागि अल्पकालीन संरक्षण<br>लैङ्गिक हिंसाबाट प्रभावितका लागि एकल बिसौनी सङ्कट व्यवस्थापन<br>अलपत्र अवस्थामा भेटिएकाको उद्धारका कममा अल्पकालीन संरक्षण | • मन्त्रालय<br>– जिल्ला सेवा केन्द्र १७<br>– सामुदायिक सेवा केन्द्र १२०<br>• सम्बन्धन : ० | • जिल्ला सेवा केन्द्र ७५<br>• सामुदायिक सेवा केन्द्र २४० | • जिल्ला सेवा केन्द्र ५३<br>• सामुदायिक सेवा केन्द्र १२० | **जिल्लास्तरबाट**<br>• जिल्ला सेवा केन्द्र स्थापित गैससको सम्बन्धन<br>• सामुदायिक सेवा केन्द्र प्रवर्धित महिला संस्थासँगको सहकार्य | सामुदायिक सेवा केन्द्रको सङ्ख्या २४० भन्दा बढी पनि हुन सक्ने र त्यस्ता केन्द्रले बालबालिकाका हकमा पनि सेवा दिने |
| | १.२ | बेचबिखन वा ओसारपसारबाट प्रभावितको पुनर्स्थापना | मन्त्रालय : ८<br>सम्बन्धन : ० | ८ | ० | - | - |
| | १.३ | मनोसामाजिक अपाङ्गता भएकाको पुनर्स्थापना | मन्त्रालय : ०<br>सहकार्य : १ (कोसिस) | ३ | २ | केन्द्रस्तरबाट<br>विशेषीकृत गैसससँग सहकार्य | |
| | १.४ | कोही, केही नभएकाका लागि दीर्घकालीन पुनर्स्थापना | मन्त्रालय : १<br>सम्बन्धन : ० | १ | ० | - | - |
| • बालबालिका | २.१ | उद्धारका कममा अल्पकालीन संरक्षण | मन्त्रालय : ०<br>सम्बन्धन : ० | ७५ | ७५ | जिल्लास्तरबाट<br>स्थापित गैससँग सम्बन्धन | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २.२ | संरक्षणविहीनका लागि संस्थागत वैकल्पिक स्याहार<br>अपाङ्गता भएका संरक्षणविहीनका लागि दीर्घकालीन स्याहार | मन्त्रालय : ४<br>सहकार्य : १<br>(नेपाल बालसङ्गठन) | ७ | २ | <u>केन्द्रस्तरबाट</u><br>विशेषीकृत गैससँग सहकार्य<br><u>केन्द्रस्तरबाट</u><br>विशेषीकृत गैससँग सहकार्य | |
| • ज्येष्ठ नागरिक | ३ | पारिवारिक विखण्डन वा बेवास्तामा परी अलपत्र भएकालाई दीर्घकालीन आश्रम | मन्त्रालय : १<br>सम्बन्धन : ० | ७५ | ७४ | <u>जिल्लास्तरबाट</u><br>स्थापित गैससँग सम्बन्धन | |
| • अपाङ्गता भएका व्यक्ति | ४ | पारिवारिक विखण्डन, बेवास्ता वा असमर्थताका कारण हेरचाहविहीन भएकाका लागि दीर्घकालीन संरक्षण | मन्त्रालय : ०<br>सहकार्य : १<br>(खगेन्द्र नवजीवन केन्द्र) | ७ | ६ | <u>केन्द्रस्तरबाट</u><br>विशेषीकृत गैससँग सहकार्य | अन्य लक्षित वर्गभित्र पनि अपाङ्गता भएका व्यक्तिहरू परी सेवा प्राप्त गर्ने हुनाले छूट वा विशेषीकृत सेवासहितको संरक्षणतर्फ |

## ५. सम्बन्धन

तालिका १ मा थप गर्ने गरी प्रस्तावित सेवाहरूको व्यवस्था मिलाउन प्रदायक संस्थाहरूसँग तालिका २ बमोजिम सम्बन्धन कायम गरिनेछ ।

**तालिका २ : गैरसरकारी संस्थाहरूको सम्बन्धन**

| सि.नं. | सेवाको वर्गीकरण | तालिका १ को सि.नं. | सम्बन्धनको स्तर | संस्थाको प्रकृति | कैफियत |
|---|---|---|---|---|---|
| १. | जिल्लापिच्छे आवश्यक हुन सक्ने सेवाहरू | १.१, २.१ र ३ | जिल्ला | गैरसरकारी संस्था | |
| २. | समुदायपिच्छे आवश्यक हुन सक्ने सेवाहरू | १.१ | जिल्ला | महिला संस्था | महिला विकास कार्यक्रमअन्तर्गत प्रवर्धित |
| ३. | राष्ट्रिय स्तरमा, भौगोलिक क्षेत्र वा प्रदेशको तहमा वा विभिन्न जिल्लाहरूको माझमा आवश्यक हुन सक्ने सेवाहरू | १.३, २.२ र ४ | केन्द्र | विशेषीकृत गैरसरकारी संस्था | |

## ६. छनौट गर्ने निकाय

सम्बन्धनको प्रयोजनार्थ सेवा-प्रदायक संस्थाहरूको छनौट देहायका निकायहरूबाट गरिनेछ :

क. महिला तथा बालबालिकाका लागि तालिका १ को सि.नं. १.१ मा उल्लिखित जिल्ला सेवा केन्द्र लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरण जिल्ला संयोजन समितिले;

ख. महिला तथा बालबालिकाका लागि तालिका १ को सि.नं. १.१ मा नै उल्लिखित सामुदायिक सेवा केन्द्र महिला संस्थाका अध्यक्षहरूको बैठकको सिफारिससमेतका आधारमा कार्यालयले;

ग. बालबालिकाका लागि तालिका १ को सि.नं. २.१ मा उल्लिखित अल्पकालीन संरक्षण गृह जिल्ला बालकल्याण समितिले;

घ. ज्येष्ठ नागरिकका लागि तालिका १ को सि.नं. ३ मा उल्लिखित दीर्घकालीन आश्रम जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिले र

ङ. तालिका १ मा उल्लिखित अन्य सबै संस्थाहरू मन्त्रालयले ।

## ७. सेवा-प्रदायक छनौट विधि

### ७.१ न्यूनतम योग्यता

सम्बन्धका लागि छनौटमा पर्न इच्छुक गैरसरकारी संस्थाले देहायका न्यूनतम मानदण्ड पूरा गरेको हुनुपर्दछ :

क. विधिवत दर्ता भएको घटीमा तीन वर्ष पुगेको तथा नवीकरण गराउनुपर्नेमा गराएको;

ख. बालबालिका, महिला, ज्येष्ठ नागरिक वा अपाङ्गता भएका व्यक्तिलाई संरक्षण सेवा प्रदान गर्ने गरी विधानतः कार्यादेश (Mandate) भएको तथा त्यस्तो सेवा सञ्चालन गरिरहेको;

ग. जिल्ला सम्पर्क निकाय (Focal Agency) को रूपमा कार्यालयमा सूचीकृत भएको;

घ. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम सूचीकृत भएको र

ङ. कारोबारको लेखा र वित्तीय विवरण व्यवस्थित एवं पारदर्शी रूपमा राखेको तथा प्रचलित कानुनबमोजिम लेखापरीक्षण सम्पन्न गराएको ।

विशेषीकृत सेवाका लागि केन्द्रीय स्तरबाट छनौट गरिने गैरसरकारी प्रदायकहरूको हकमा त्यस्तो सेवाको प्रकृतिका आधारमा मन्त्रालयले तोकिदिने न्यूनतम मानदण्डसमेत लागू हुनेछन् ।

महिला तथा बालबालिकाका लागि तालिका १ को सि.नं. १.१ मा उल्लिखित सामुदायिक सेवा केन्द्र सञ्चालन गर्न इच्छुक महिला विकास कार्यक्रमअन्तर्गत प्रवर्धित महिला संस्थाहरूको हकमा भने खण्ड (ख), (ग) र (घ) का व्यवस्था आवश्यक पर्ने छैनन् ।

खण्ड (ग) बमोजिम सूचीकृत नभएको गैरसरकारी संस्था खण्ड (घ) को प्रयोजनार्थ दिइएको म्यादभित्र सूचीकृत हुन सक्नेछ ।

### ७.२ न्यूनतम मानदण्ड

सम्बन्धनका लागि गैरसरकारी सेवा-प्रदायक संस्थाले संरक्षण कार्यमा देहायका मानदण्ड न्यूनतम रूपमा पूरा गरेको हुनुपर्दछ :

क. प्रचलित कानुनले निर्धारण गरेका मानदण्डहरू र

ख. प्रचलित कानुनमा निर्धारण नगरिएको भए मन्त्रालयबाट निर्धारण गरिएका मानदण्डहरू ।

### ७.३ छनौट

जिल्लास्तरबाट छनौट गरिने गैरसरकारी सेवा–प्रदायक संस्थाहरूका हकमा देहायबमोजिमको प्रक्रिया अपनाउनुपर्दछ :

क. साधारणतया आवको प्रारम्भमा नै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम जिल्लाभित्र दर्ता भएका वा अन्यत्र दर्ता भई जिल्लामा कार्य गरेका माथि ७.१ मा निर्धारित न्यूनतम योग्यता पुगेका र साथै ७.२ मा तोकिएका न्यूनतम मानदण्ड पूरा गरेका सेवा–प्रदायक संस्थाहरूलाई सूचीकरणका लागि सूचना प्रकाशन गर्ने;

ख. खण्ड (क) बमोजिम सूचीकृत भएका सेवा–प्रदायक संस्थाहरू मध्येबाट उत्कृष्टताका आधारमा माथि ६ मा उल्लिखित निकायको निर्णयानुसार मुनासिब म्याद दिई तीनवटासँगबाट सम्बन्धन प्रस्ताव माग गर्ने;

ग. खण्ड (ख) बमोजिम सम्बन्धन प्रस्ताव माग गर्दा प्रस्तावमा अन्य कुराका अतिरिक्त देहायका कुरा खुलाउनुपर्ने जानकारी दिने :

(१) वर्षभरि (अर्थात् ३६५ दिन) मा महिला तथा बालबालिका कार्यालयबाट सम्प्रेषण गरिएका सम्बन्धित लक्षित वर्गका कतिजनासम्मलाई कति दिनसम्म संरक्षण गर्न सकिने हो, त्यसको सङ्ख्या तथा दिन र

(२) त्यसरी संरक्षण सेवा उपलब्ध गराउने सिलसिलामा कार्यालयको योगदानस्वरूप अपेक्षित रकम;

घ. खण्ड (ग) बमोजिम प्राप्त प्रस्तावका अधारमा अपेक्षित रकमलाई जम्मा संरक्षण व्यक्तिदिन ( संरक्षण गर्न सकिने जम्मा जना गुणन दिन) ले भाग गरी संरक्षण लागत-प्रभावकारिता (Cost-effectiveness) को हिसाब निकाल्ने र

ङ. खण्ड (घ) बमोजिम सबैभन्दा कम्ती खर्च लाग्ने भई बढी लागत-प्रभावकारी देखिएको सेवा प्रदायकलाई सम्बन्धन प्रयोजनार्थ लिने ।

माथिका खण्डहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धनका लागि उत्कृष्ट सेवा–प्रदायक छनौट गर्ने सिलसिलामा माथि ६ मा उल्लिखित निकायका तर्फबाट यथासम्भव स्थलगत अवलोकनसमेत गरी माथि ७.२ मा भनिएबमोजिम न्यूनतम मानदण्डहरू पूरा भए, नभएको जाँच गर्नु वा गराउनुपर्दछ र त्यसबाट न्यूनतम मानदण्डहरू पूरा भएको नदेखिएमा जतिसुकै लागत प्रभावकारी भए तापनि त्यस्तो प्रस्तावकलाई सम्बन्धन नदिएर वैकल्पिक प्रस्तावकमध्येबाट छनौट गर्नुपर्दछ ।

### ७.४ एकल प्रस्तावकको छनौट

जिल्लामा लक्षित वर्गलाई संरक्षण सेवा दिने एउटै मात्र प्रदायक भएको, अन्य प्रदायक भए तापनि माथि ७.१ बमोजिम न्यूनतम योग्यता नपुगेको वा ७.२ बमोजिम न्यूनतम मानदण्ड पूरा नगरेको वा ७.३ बमोजिमको प्रक्रियामा सहभागी नभएको कारणले एउटामात्र प्रदायक भएको खण्डमा माथि ६ मा तोकिएको निकायले देहायबमोजिम भए, नभएको हेरी सम्बन्धन दिने वा नदिने निर्णय गर्न सक्नेछ :

क. त्यस्तो प्रदायक माथि ७.१ मा निर्धारित न्यूनतम योग्यता भएको, ७.२ मा निर्धारित न्यूनतम मानदण्ड पूरा गरेको तथा ७.३ मा निर्धारित प्रक्रियामा सहभागी भएको हो, होइन भन्ने;

ख. त्यस्तो प्रदायकले पेस गरेको प्रस्तावको लागत-प्रभावकारिता (Cost-effectiveness) मुनासिबमाफिकको छ, छैन भन्ने र

ग. त्यस्तो प्रदायकलाई सम्बन्धन दिँदा जिल्लामा लक्षित वर्गलाई आवश्यक सङ्ख्या एवं अवधिसम्म संरक्षण सेवा सुनिश्चित हुन्छ, हुँदैन भन्ने ।

### ७.५ सम्बन्धनको प्रमाण-पत्र

माथि ६ मा उल्लिखित निकायले माथि ७.३ वा ७.४ को प्रक्रियामुताबिक सेवा–प्रदायक छनौट गरेपछि कार्यालयले अनुसूची १ को ढाँचामा सम्बद्ध संस्थासँग समझदारी- पत्रमा हस्ताक्षर गरी संस्थालाई अनुसूची २ को ढाँचामा सम्बन्धनको प्रमाण-पत्रसमेत दिनेछ । विशेषीकृत सेवा-प्रदायकसँग भने सेवाको प्रकृति हेरी समझदारी-पत्र एवं सम्बन्धन प्रमाण-पत्रको ढाँचा मन्त्रालयबाट तोकिनेछ । कार्यालयबाट प्रवर्धित महिला संस्थामार्फत सञ्चालन गरिने तालिका १ को सि.नं. १.१ को सेवाको हकमा महिला विकास कार्यक्रम सञ्चालन मार्गदर्शनबमोजिम हुनेछ ।

## ८. सम्बन्धनका सर्तहरू

यी मानदण्डहरूमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सेवा–प्रदायकको सम्बन्धन देहायका सर्तमा प्रदान गरिएको मानिनेछ :

क. कार्यालयले सम्प्रेषण गरी पठाइएका लक्षित वर्गलाई जुनसुकै बखत यथाशक्य संरक्षणको व्यवस्था मिलाउनुपर्ने तथा कार्यालयको स्वीकृतिमा संरक्षित कसैलाई उपयुक्त वैकल्पिक व्यवस्थाविना संरक्षणविहीन तुल्याउन नहुने;

ख. प्रदायकको तर्फबाट प्रदान गरिने सबैथरी अल्पकालीन वा दीर्घकालीन सेवाहरू अन्य संरक्षितसरह कार्यालयबाट सम्प्रेषित संरक्षितका लागि पनि उपलब्ध हुने;

ग. कार्यालयले तोकेको ढाँचामा सम्प्रेषित व्यक्तिको संरक्षण सेवाको नियमित रूपमा प्रगति प्रतिवेदन दिनुपर्ने;

घ. प्रदत्त वित्तीय सहयोगको रकम कुन–कुन प्रयोजनमा खर्च भयो भन्ने छुट्टै हिसाब राखी लेखापरीक्षण गराएर लेखापरीक्षण प्रतिवेदन कार्यालयमा पठाउनुपर्ने;

ङ. माथि ६ मा उल्लिखित सम्बन्धन प्रदान गर्ने निकाय, कार्यालय, विभाग वा मन्त्रालयका तर्फबाट जुनसुकै बखत निरीक्षण हुन सक्ने;

च. खण्ड (घ) बमोजिम हिसाब राखी समयमै लेखापरीक्षण प्रतिवेदन नबुझाएमा वा खण्ड (ङ) बमोजिम निरीक्षण गर्दा यी मानदण्डहरूको उल्लङ्घन भएको पाइएमा कार्यालयले सम्बन्धित प्रदायकलाई आफ्नो सफाइ पेस गर्ने मुनासिबमाफिकको समय दिएर चित्तबुझ्दो रूपमा सफाइ पेस नभएको खण्डमा सम्बन्धन रद्द गर्न सक्ने र

छ. खण्ड (च) बमोजिम सम्बन्धन रद्द भएकोमा कार्यालयको योगदानस्वरुप सम्बन्धित प्रदायकलाई दिन बाँकी रकम नदिन सक्ने ।

कार्यालयबाट प्रवर्धित महिला संस्थामार्फत सञ्चालन गरिने तालिका १ को सि.नं. १.१ को सेवाको हकमा महिला विकास कार्यक्रम सञ्चालन मार्गदर्शनबमोजिम नै हुनेछ ।

### ९. सम्बन्धनको अवधि

क. सम्बन्धनको अवधि साधारणतया समझदारी–पत्रमा हस्ताक्षर भएको मितिले एक वर्ष (अर्थात् ३६५ दिन) हुनेछ ।

तर प्रदायकले न्यूनतम १००० व्यक्तिदिन संरक्षण सेवा उपलब्ध नगराएसम्म एक वर्षभन्दा बढी अवधिसम्म पनि सम्बन्धन मान्य रहनेछ ।

ख. खण्ड (क) बमोजिम एक वर्ष पूरा भएको र खण्ड (ख) बमोजिम न्यूनतम व्यक्तिदिन संरक्षण सेवा उपलब्ध गराइसकेको अवस्थामा सम्बन्धनको अवधि सकिएको मानी यी मानदण्डहरूमा अन्यत्र लेखिएका कुराको अधीनमा रही नयाँ सम्बन्धनका लागि प्रक्रिया प्रारम्भ गरिनेछ ।

ग. खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदायक संस्थाले विनालागत सम्बन्धनको अवधि थप गर्न चाहेमा अवधि सकिएको मितिले एकपल्टमा एक वर्ष गरी दुईपल्टसम्म अवधि थप गर्न सकिनेछ ।

## १०. संरक्षण खर्चमा योगदान

क. सम्बन्धनप्राप्त संस्थाको संरक्षण खर्चमा मन्त्रालयको योगदानस्वरूप संस्थाले माथि ७.३ बमोजिम पेस गरेको प्रस्तावमा उल्लिखित, स्वीकृत कार्यक्रमअन्तर्गत विनियोजित वा वर्षभरि (अर्थात ३६५ दिन) का लागि रु. पाँच लाखमा जुन घटी हुन्छ सो रकम कार्यक्रम अनुदान दिइनेछ ।

ख. खण्ड (क) बमोजिमको रकम साधारणतया चौमासिक तीन बराबर किस्तामा प्रदान गरिनेछ ।

ग. खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धनपछि कार्यालयले संरक्षण सेवाका लागि पहिलो सम्प्रेषण नगर्दासम्म मन्त्रालयको योगदानबापतको कुनै पनि रकम भुक्तानी गरिने छैन भने दोस्रो र तेस्रो किस्ता क्रमशः ३३३ र ६६७ व्यक्तिदिन संरक्षण सेवा दिएपछि मात्र भुक्तानी गरिनेछ ।

## ११. दोहोरो सम्बन्धन

जिल्लास्तरबाट सम्बन्धनप्राप्त सेवा-प्रदायक संस्थालाई विशेषीकृत सेवाका कारण केन्द्रस्तरबाट पनि सम्बन्धन दिन सकिनेछ ।

तर केन्द्रस्तरबाट सम्बन्धनप्राप्त सेवा प्रदायक सस्थाका हकमा जिल्लास्तरबाट पुनः सम्बन्धन दिन आवश्यक हुने छैन ।

## १२. सहकार्य प्रभावित नहुने

यी मानदण्डहरूमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय र विशेषीकृत सेवा प्रदायक संस्थाबीच हाल भइरहेको सहकार्य हालकै व्यवस्थाअन्तर्गत जारी राखी सोको अवधि सकिएपछि यी मानदण्डबमोजिम व्यवस्थित गरिनेछ ।

**अनुसूची १**

# महिला तथा बालबालिका कार्यालय र संरक्षण सेवा–प्रदायक संस्थाबीच सम्बन्धनको समझदारी-पत्रको ढाँचा

नेपाल सरकार, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, महिला तथा बालबालिका विभाग, महिला तथा बालबालिका कार्यालय, ... ... ... ... ... ... (यसपछि 'कार्यालय') भनिएको र श्री ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... (यसपछि 'संस्था' भनिएको) का बीच ... ... ... ... ... जिल्लामा जुनसुकै कारणले अलपत्र परेका, जोखिमावस्थामा रहेका वा उद्धार गरिएका ... ... ... ... ... ... को तत्काल संरक्षण व्यवस्था मिलाउने सिलसिलामा संस्थाबाट जारी प्रयासहरूको कदर गर्दै कार्यालयसँग सम्बन्धन कायम गरेर जिल्ला ... ... ... ... ... ... ... ... ... ... ... समिति (यसपछि 'समिति' भनिएको) को रेखदेख, मार्गदर्शनमा प्रदत्त सेवामा लक्षित वर्गको पहुँच अझ बढाउने अभिप्रायले तपसिलका सर्तहरू एक–आपसमा पालना गर्ने गरी राजीखुसीले यो समझदारी–पत्रमा हस्ताक्षर गरी एक–एक प्रति बुझी लियौंदियौं ।

<u>**तपसिल**</u>

१. संस्थाले समितिबाट निर्धारण गरिएबमोजिम अलपत्र परेका, जोखिमावस्थामा रहेका वा उद्धार गरिएका कार्यालयबाट सम्प्रेषित ... ... ... ... ... लाई तत्काल संरक्षणको व्यवस्था मिलाउनेछ;

२. संस्थाले बुँदा (१) बमोजिम कार्यालयबाट सम्प्रेषित ... ... ... ... ... लाई जुनसुकै समय संरक्षण दिन सक्ने गरी जो–चाहिने पूर्वतयारी एवं बन्दोबस्त गरिराख्नेछ;

३. बुँदा (१) बमोजिम सम्प्रेषण गरिने ... ... ... ... ... को सङ्ख्या संस्थाको भौतिक सुविधासमेतको विचार गरी कुनै समयमा संस्थामा जम्मा संरक्षित सम्प्रेषित ... ... ... ... ... को सङ्ख्या साधारणतया ... जनामा बढी नहुने गरी कायम गरिनेछ ।

४. बुँदा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि आपत्कालीन उद्धारको क्रममा कार्यालयबाट सम्प्रेषण गरी पठाइएका ... ... ... ... ... को हकमा भने अर्को व्यवस्था नभएसम्मका लागि संस्थाले यथाशक्य संरक्षण व्यवस्था मिलाउनेछ;

५. बुँदा (१) बमोजिम सम्प्रेषण गरिएका ... ... ... ... लाई संस्थाले संरक्षणमा लिएका अन्य ... ... ... ... ...सरह विद्यालय शिक्षा, स्वास्थ्य जाँच, मनोसामाजिक विमर्श, कानुनी परामर्श, पारिवारिक पुनर्मिलनलगायतका संस्थाका सबैथरी सेवा उपलब्ध गराउनेछ;

६. बुँदा (१) मा उल्लिखित संरक्षण कार्यका सिलसिलामा संस्थाले 'सङ्कटासन्न अवस्थाका महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको तत्काल संरक्षणका लागि

गैरसरकारी सेवा-प्रदायक संस्थासँग सम्बन्धनका मानदण्डहरू, २०७४' को दफा ८ मा उल्लिखित शर्तका साथै प्रचलित कानुन र महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयबाट तोकिएका सबै न्यूनतम मानदण्डहरूको पालना गर्नेछ;

७. यो समझदारी-पत्रअन्तर्गत संस्थाबाट प्रदान गरिने जुनसुकै सेवा संरक्षित … … … … … का हकमा निःशुल्क हुनेछन्;

८. बुँदा (१) मा उल्लिखित संरक्षण कार्यहरू सम्पादन गर्दा संस्थाले संरक्षित … … … … … को अधिकारको उच्चतम सम्मान गर्नेछ तथा गृह परिसरको सुरक्षालगायत बुँदा (६) मा उल्लिखित सबै न्यूनतम मानदण्डहरूको पूर्ण पालना सुनिश्चित गर्न आवश्यक प्रक्रियाहरूको स्थापना, कर्मचारी, कामदारको प्रशिक्षण, आचारसंहिताको निर्धारण, आन्तरिक सुपरिवेक्षण र गुनासो सुनुवाइको समुचित व्यवस्था मिलाउनेछ;

९. संस्थाले यो समझदारी-पत्रबमोजिम कार्यसम्पादन गर्दा आर्थिक कारोबार एवं त्यस्तो कारोबार पुष्टि गर्ने कागजातका साथै संरक्षित … … … … को नाम दर्ता कितापलगायत प्रदत्त सेवाहरूको सम्पूर्ण विवरण खुल्ने गरी ठीक, दुरुस्त एवं पारदर्शी अभिलेख राख्नेछ तथा समिति वा कार्यालयले मागेका बखत उपलब्ध गराउनेछ;

१०. बुँदा (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले संरक्षित व्यक्तिको पहिचान खुल्ने, व्यक्तिगत एवं संवेदनशील विवरणको गोपनीयता कायम राख्नेछ;

११. यो समझदारी-पत्रबमोजिम संस्थाले लक्षित … … … … … लाई उपलब्ध गराउने संरक्षण सेवामा आफ्नो योगदानस्वरूप कार्यालयले संस्थालाई समझदारी–पत्रको अवधिभरिका लागि प्रचलित कानुनबमोजिम मूल्य अभिवृद्धि कर लाग्नेमा सोसमेत एक वर्ष (अर्थात् ३६५ दिन) को जम्मा रु. … … … … … (अक्षरेपि रुपैयाँ … …. …. …. … लाख) अनुदान दिनेछ;

१२. बुँदा (११) बमोजिमको रकम कार्यालयले संस्थालाई साधारणतया तीन बराबर किस्तामा प्रचलित कानुनबमोजिम अग्रिम आयकर कटाउनुपर्नेमा कटाएर उपलब्ध गराउनेछ;

१३. बुँदा (११) वा (१२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले यो समझदारी- पत्र सम्पन्न भएपछि कार्यालयले संरक्षण सेवाका लागि पहिलो सम्प्रेषण नगर्दासम्म आफ्नो योगदानबापतको कुनै पनि रकम तथा कम्तीमा ३३३ र ६६७ व्यक्तिदिन संरक्षण सेवा प्रदान नगर्दासम्म क्रमशः दोस्रो र तेस्रो किस्ताको रकम भुक्तानी दिनेछैन;

१४. संस्थाले आफ्नो विधानबमोजिम गराएको प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रति कार्यालयमा समेत पठाउनेछ;

१५. समिति वा कार्यालयले यो समझदारी-पत्रबमोजिम संस्थाले सम्पादन गरेका कार्यहरूको सम्बन्धमा यथार्थ बुझ्न जुनसुकै बेला संरक्षण गृह परिसरलगायतको स्थलगत निरीक्षण गरी अभिलेख, कागजात हेर्न एवं संरक्षित … … … … … को प्रतिक्रिया लिन तथा सुधार गर्नुपर्ने कुरामा सुधार गर्न सुझाउ दिन सक्नेछ;

१६. यो समझदारी-पत्रमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले बुँदा (९) बमोजिम पेस गर्नुपर्ने विवरण वा कागजात पेस नगरेको वा बुँदा (१५) बमोजिम स्थलगत निरीक्षण गर्दा यो समझदारी-पत्रबमोजिम पालना गर्नुपर्ने सर्तहरू पालना नगरेको वा दिइएको मुनासिब सुझाउको कार्यान्वयन नगरेको खण्डमा कार्यालयले संस्थालाई दिनुपर्ने रकम तत्काल रोक्का राखी समितिको निर्णयानुसार त्यस्तो सर्त पालना गरेपछि मात्र दिन वा नदिन सक्नेछ;

१७. यो समझादरी-पत्र हस्ताक्षर भएको मितिले एक वर्ष (अर्थात् ३६५ दिन) सम्म मान्य हुनेछ;

१८. बुँदा (१७) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले कार्यालयबाट सम्प्रेषित ... ... ... लाई जम्मा न्यूनतम १००० व्यक्तिदिन संरक्षण सेवा उपलब्ध नगराएसम्म यो समझदारी–पत्र मान्य रहनेछ;

१९. बुँदा (१७) वा (१८) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिको तर्फबाट छानबिनपछि संस्थाले बुँदा (६) मा निर्धारित मानदण्डहरूको गम्भीर उल्लङ्घन गरेको पाइएमा समितिको निर्णयले कार्यालयले कुनै पनि बेला यो समझदारी-पत्र रद्द गर्न सक्नेछ;

२०. यो समझदारी-पत्रको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षको सहमतिबाट त्यस्तो विवादको निरुपण गरिनेछ र

२१. बुँदा (२०) बमोजिम विवादको निरुपण हुन नसकेमा प्रचलित कानुनबमोजिम हुनेछ ।

इति संवत् ... ... साल ... ... ... महिना ... गते रोज ... शुभम् !

| **<u>संस्थाको तर्फबाट</u>** | **<u>कार्यालयको तर्फबाट</u>** |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम, थर : | नाम, थर : |
| ठेगाना : | पद : |
| सम्पर्क नं. : | |

**साक्षी**

| | |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम, थर : | नाम, थर : |
| ठेगाना : | ठेगाना : |

अनुसूची २

## संरक्षण सेवा-प्रदायक संस्थालाई कार्यालयबाट प्रदान गरिने सम्बन्धन-पत्रको ढाँचा

नेपाल सरकार

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय,

महिला तथा बालबालिका विभाग

महिला तथा बालबालिका कार्यालय, ... ... ... ... ... ... ...

मिति : २०७४।...।...

श्री ... ... ... ... ... ... ... संस्थाले ... ... ... ... जिल्लामा अलपत्र परेका, जोखिमावस्थामा रहेका वा उद्धार गरिएका ... ... ... ... ... ... ... ... को संरक्षण कार्यमा पुऱ्याएको योगदानको कदर गर्दै समझदारी–पत्रमा व्यवस्था भएबमोजिम महिला तथा बालबालिका कार्यालयबाट सम्प्रेषण गरी पठाइने ... ... ... ... ... ... लाई समेत संस्थाबाट संरक्षण सेवा उपलब्ध गराउने गरी ... ... ... ... ... ... ... को मिति २०७३। । को निर्णयानुसार मिति २०७४। । देखि २०७५। । सम्मका लागि यो सम्बन्धन प्रदान गरिएको छ ।

दस्तखत :

नाम :

पद :